# कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय
# वीरेन्द्रनगर, सुर्खेत

मितिः २०८२/११/२७

प्रथमपटक प्रकाशित मितिः २०८२।०९।०७

**सुशासन पुस्तकका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी पुनः सूचना**

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुशासन पुस्तक प्रकाशन गर्ने कार्यक्रम रहेको छ। उक्त पुस्तक प्रकाशन गर्ने प्रयोजनार्थ प्रदेश सरकार मातहतका कर्मचारी तथा पदाधिकारीहरू लगायत बाह्य विज्ञहरूबाट समेत प्रदेश सरकारको सेवा प्रवाह र शासकीय प्रवन्ध, सार्वजनिक व्यवस्थापन, विकास व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, नवप्रवर्तनात्मक कार्य, प्रदेश सरकारसँगको अनुभव एवम् नीति, योजना तथा कार्यक्रमसँग सम्बन्धित विषयमा देहायको ढाँचा र सर्तमा रही लेख रचना मिति २०८२।१२।१५ गतेभित्र उपलब्ध गराउनुहुन म्याद थप गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशन गरिएको छ।

**लेखमा समावेश हुनुपर्ने विषयहरूः**

- शीर्षक
- लेखकको परिचय (नाम, पद, कार्यालय, विषय विज्ञता, अनुभव, फोन, इमेल, Digital Photo)
- लेखको सारांश
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्रीहरु

**मापदण्ड / शर्तहरूः**

- लेख रचना कालिमाटी फन्ट ११ साइजमा हुनुपर्नेछ।
- लेख रचना कम्तिमा २५०० देखि अधिकतम ५००० शब्दको हुनुपर्नेछ।
- भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै भाषा प्रयोग गर्न सकिनेछ।
- लेख रचना छनोट र प्रकाशन गर्ने नगर्ने अधिकार यस कार्यालयमा रहनेछ।
- प्रकाशन भएको लेख रचना वापत लेखकलाई प्रचलित कानून बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।
- अन्यत्र प्रकाशित भइसकेका र प्रकाशन हुने भएका लेख रचनाहरू उपलब्ध गराउन पाइने छैन तर समयानुकुल संशोधित विषय राखिएको भएमा प्रकाशन गर्न सकिनेछ।
- यस पुस्तकमा प्रकाशन भएका लेख रचनाको सर्वाधिकार प्रदेश सरकारमा रहनेछ।
- लेख रचना प्रकाशन भएको विषयमा सम्बन्धित लेखकले स्पष्ट पार्नुपर्नेछ।
- लेख रचनाको प्रिन्ट कपी सहित इमेल gov.ocmcmkarnali@gmail.com मा सफ्टकपी पठाउनु पर्नेछ।

(रमेश वली)
शाखा अधिकृत
९८६८९३३०२५